नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

मितिः- २०७२/०१/२३

आज मिति २०७२/०१/२३ गते मुलुकभर सरकारी, गैरसरकारी तथा निजी क्षेत्रद्वारा मिति २०७२/०१/१२ गते गएको विनाशकारी भूकम्पबाट भएको क्षतिको विवरण संकलन गर्ने र पीडितहरुको उद्धार तथा राहत वितरण गर्ने कार्य जारी रहेको छ । यसै क्रममा नेपाली सेना, मित्रराष्ट्र भारत, चिन र अमेरिकाबाट आएका हेलिकप्टरहरुबाट प्रभावित क्षेत्रका रसुवा, धादिङ, गोरखा, सिन्धुपाल्चोक, सोलुखुम्बु, रामेछाप जिल्लाहरुमा राहत प्याकेज पुऱ्याउने तथा घाइतेहरुको उद्धार गर्ने कार्य निरन्तर रुपमा भईरहेको छ ।

हालसम्म प्राप्त जानकारी अनुसार मुलुकभर मृतकको संख्या सर्वसाधारण-७५८३ नेपाली सेना-९, नेपाल प्रहरी-५, सशस्त्र प्रहरी - १, निजामती कर्मचारी - ११ र विदेशी - ६६ समेत जम्मा - ७६७५ पुगेको छ । त्यस्तै घाइतेहरुको संख्या नेपाल प्रहरी - १४०, सशस्त्र प्रहरी - २१, विदेशी - ५२ र सर्वसाधारण - १६१७७ समेत जम्मा - १६३९० जना पुगेको छ । घाइतेहरुको उपचार नजिकको अस्पताल तथा स्वास्थ्य केन्द्रहरुमा चिकित्सक र स्वास्थ्यकर्मीहरुबाट भईरहेको छ । भौतिक क्षतिको विवरण आउने क्रम जारी छ । आज नेपाली सेनाको - ६५०१६ नेपाल प्रहरी - ४१७७६, सशस्त्र प्रहरी बलको - २३७६४ समेत जम्मा - १३०५५६ जना सुरक्षाकर्मी र हजारौ निजामती कर्मचारीहरुलाई उद्धार तथा राहत कार्यमा परिचालन गरिएको छ ।

विदेशी राष्ट्र तथा संस्थाहरुबाट पीडितहरुका लागि राहत प्राप्त हुने क्रम जारी रहेको छ । आजसम्म भारत, बंगलादेश, म्यानमार, पाकिस्तान, चीन, थाइल्याण्ड, श्रीलंका, इण्डोनेशिया, अजरबैजान, कोरिया, अल्जेरिया, ओमन, स्वीट्जरल्याण्ड, सिंगापुर, जर्मनी, जापान, क्यानडा, नेदरल्याण्ड, भुटान लगायतका मित्रराष्ट्रहरु र विभिन्न देशका संघ संस्थाहरु समेतबाट राहतका वस्तुहरु प्राप्त भएका छन् । जसअनुसार खाध्य पदार्थ अर्न्तगत चामल - १४०८ क्वीन्टल, चिनी - ६१ क्वीन्टल, नुन - ६८ क्वीन्टल, चिउरा - १५८०

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

नेपाल सरकार
गृह मन्त्रालय

क्वीन्टल, चाउचाउ - १०२३२ कार्टुन, विस्कुट - १५४४७ कार्टुन, ड्राई फुड - ४०० कार्टुन, पानी - ४७३४४ कार्टुन, अन्य - ८४०८ थान र गैर खाध्य पदार्थ अर्न्तगत टेन्ट - १६२६२ थान, त्रिपाल - १३४१२९ थान, कम्बल - १५२६२५ थान, मेट्रेस - ८२०३ थान, अन्य ९८३६ थान रहेका छन् ।

गृह मन्त्रालयमा राहत वितरण गर्ने सरकारी तथा गैरसरकारी निकायहरु समेतबाट प्राप्त पछिल्लो जानाकारी अनुसार भूकम्प प्रभावित क्षेत्रका जिल्लाहरुमा हालसम्म राहत अर्न्तगत खाध्य पदार्थ चामल - ९८८८९ क्यीन्टल, चिनी - ६९० क्वीन्टल, नुन - ६१३ क्वीन्टल, चाउचाउ १८६६३४ कार्टुन, विस्कुट ६०९७५ कार्टुन, पानी १७७९८ केस, चिउरा - ३२४९ क्वीन्टल, दाल ४५ क्वीन्टल, ड्राइफुड - १००४ कार्टुन र गैर खाध्य वस्तु त्रिपाल - २६०७९९ थान, सोलार लाईट - ३५२८ थान, कम्बल -४५२३ थान, लत्ता कपडा ९ बोरा, साबुन - ३३६०० थान, पानी शुद्धीकरण गर्ने चक्की - २१३१७२ थान, हाइजिन किट - २६७० सेट, डेड बडी ब्याग - ५१५ लगायत ब्ल्याङ्केट, भाडावर्तन समेत प्राभावित जिल्लाहरुमा पठाइ सकिएको छ । राहत वितरणको लागि प्रभावित जिल्लाहरु र सम्बन्धित निकायहरुमा जम्मा १ अर्ब ८६ करोड ०९ लाख रकम निकासा गरी सकिएको छ । जिल्ला दैवी प्रकोप उद्धार समितिको निर्णय अनुसार उक्त राहत भूकम्प प्रभावित क्षेत्रमा वितरण गरिदैंछ । स्थानीयस्तरबाट समेत ठूलो परिमाणमा राहत संकलन भई वितरणको कार्य जारी रहेको छ । राहत वितरण कार्यलाई अझ प्रभावकारी बनाउन प्रभावित जिल्लाहरुमा उच्चस्तरीय अनुगमन टोलीहरुबाट निरन्तर रुपमा अनुगमन भइरहेको छ ।

(लक्ष्मीप्रसाद ढकाल)
प्रवक्ता